# स्थानीय राजपत्र

भगवतीमाई गाउँ कार्यपालिकाद्धारा प्रकाशित

खण्ड ३ भगवतीमाई बैशाख १३ गते, २०७६ साल (संख्या : ०१)

**भाग –३**

**भगवतीमाई गाउँपालिका**

स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम भगवतीमाई गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत २०७६ सालको कार्यविधि नं. : ०१**

## एम्बुलेन्स सेवा संचालन सम्बन्धी कार्यविधि, २०७६

पारित मिति २०७६/०१/१२

प्रमाणिकरण मिति २०७६/०१/१३

**प्रस्तावना :**

विभिन्न प्रकारका सर्ने वा नसर्ने प्रकृतिका रोगहरुका कारण भगवतीमाई गाउँपालिकाका जनतालाई भएको र हुन सक्ने स्वास्थ्य समस्यबाट सुरक्षित राख्ने उद्देश्यले भगवतिमाई गाउँपालिकाले संचालन गरेको एम्बुलेम्सलाई व्यबस्थित संचालन, व्यवस्थापन र दिगोपनका लागि छुटै कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी गाउँपालिकाले देहायको कार्यविधि बनाई लागु गरेको छ ।

**परिच्छेद १**

**संक्षिप्त नाम र प्रारम्भ**

**१ संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम भगवतीमाई गाउँपालिकाको एम्बुलेन्स संचालन कार्यविधि २०७६ रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) एम्बुलेन्स भन्नाले बिरामी ओसार्ने स्वीकृत प्राप्त गरेको वहान सम्झनु पर्छ र सो शव्दले एम्बुलेन्स जडित उपकारण,चालक र परिचारिका समेतलाई जनाउछ ।

(२) एम्बुलेन्स जनशक्ती भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मि र चालक सम्झनुपर्छ ।

(३)चालक भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ ।

(४) गाउँपालिका भन्नाले भगवतीमाई गाउँपालिका लाई सम्झनु पर्छ ।

(५) सेवाशूल्क भन्नाले एम्बुलेन्स प्रयोग गरेवापत सेवाग्राहीले बुझाउनु पर्ने समितिले तोकेको शूल्क सम्झनु पर्छ ।

(६) समिति भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन तथा अनुगमन समिति सम्झनु पर्छ ।

(७) सेवा भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पुर्ण सेवा सम्झनु पर्छ ।

**३. एम्बुलेन्स सेवा व्यबस्थापन तथा अनुगमन समितिः** (१) एम्बुलेन्स सेवा व्यवस्थापन,अनुगमन तथा रेखदेख गर्न पदाधिकारीहरु रहेको एक गाउँपालिका एम्बुलेन्स संचालन व्यवस्थापन तथा अनुगमन समिति रहनेछ ।

(क) अध्यक्ष – संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(ग) वडा अध्यक्ष ३ जना – सदस्य

(घ) प्रशासन शाखा प्रमुख –सदस्य

(ङ) स्वास्थ्य संयोजक – सदस्य सचिव

(२) समितिको कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक सख्या पुगेको मानिने छ ।

(३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक भत्ता गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**४.समितिको काम,कर्तव्य र अधिकार :** (१) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) एम्बुलेन्स सेवा पारदर्शी, सरल,भरपर्दो र व्यबस्थित रुपमा संचालन गरे, नगरेको अनुगमन गर्ने ।

(२) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने । यस निर्देशिका अनुसारको आचारसंहिता पालन नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्ने ।

(३) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरीआएमा साको सुनुवाई तथा व्यबस्थापन गर्ने ।

(४) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने । एक पटक निर्धारण भएको भाडा एक वर्ष नपुगि पुनरावलोकन गर्न नपाइने ।

(५) सरोकारवाला तथा अन्य संघहरु बिच आवश्यकता अनुसार एम्बुलेन्स सेवा वारे समिक्षा बैठक गर्ने ।

(६) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखि एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

(७) चालकले अनुसुची बमोजिम सेवा शुल्क लिइ वा कोषमा दाखिला गरे नगरेको समय समयमा निरिक्षण गर्ने ।

(२) समितिको सदस्य सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा गाउँ कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**५. सेवा शुल्क सम्बन्धी व्यवस्था :** (१) एम्बुलेन्स सेवा प्रयोग गरेवापत सम्बन्धीत सेवाग्राहीले अनुसूची (१) मा उल्लेख भए अनुसारको रकम सेवा शूल्कको रुपमा बुझाउनु पर्नेछ ।

(२) एम्बुलेन्स सेवा वापत उठेको रकम गाउँपालिकाले एक बैक खाता वा कोष खडागरी त्यसमा जम्मा गर्नेछ ।

(३) सेवा शूल्क वापत लिइने रकमको असुलीका लागि गाउँपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिद काटी बैक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धीत चालकको हुनेछ ।

(४) कोषको रकम गाउँपालिकाले स्वीकृत गरेको बार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाइने छ । कोषको रकम सामान्यतता चालकको तलव भत्ता,इन्धन,एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक सामाग्रीको खरिदमा खर्च गरिनेछ ।

**६.चालकको नियूक्ति र सेवा सुविधा :** (१) एम्बुलेन्स सेवा संचालनका लागि गाउँ कार्यपालिकाले एक जना योग्यता पुगेको चालक सेवा करारमा नियूक्ति गर्नेछ ।

(२) चालकको सेवा सुविधा दफा(३) बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) चालकको रु. २ लाख सम्मको दुर्घटना विमा गरिनेछ । विमाको प्रिमियम वापतको रकम यसै कार्यविधि बमोजिमको कोषबाट व्यहोरिने छ ।

(४) चालकले पालना गर्नुपर्ने आचार संहिता अनुसुची (२) बमोजिम हुनेछ ।

**७. एम्बुलेन्स रहने स्थान सोको मर्मत सम्भार :** (१) एम्बुलेन्स भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको हातामा रहनेछ ।
(२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालको हुनेछ ।
**८.विविध :** (१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसुची (३) बमोजिम हुनेछ ।
(२) एम्बुलेन्समा सवार विरामी,विरामीका आफन्त तथा स्वास्थ्यकर्मीको विमा  दायित्व सेवाग्राही स्वयको हुनेछ ।
(३) यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफासिर गाउँकार्यपालिकाले गर्न सक्नेछ ।

## अनुसूची १

### (निर्देशिकाको दफा (५) सँग सम्वन्धित सेवा शुल्क सम्वन्धी दररेट)

| क्र. सं. | देखी | सम्म | दररेट (रु.) | कैफियत |
|---|---|---|---|---|
| १. | भगवतीमाई गाउँपालिका, वेस्तडा | वडा नं. १, पगनाथ | १०००। | |
| २. | | वडा नं. १, गन्म | १०००। | |
| ३. | | वडा नं. १, खौले | १२००। | |
| ४. | | वडा नं. २, रुम गाउँ | १०००। | |
| ५. | | वडा नं. २, सिंडार | १५००। | |
| ६. | | वडा नं. ३, पुग्याँ | १५००। | |
| ७. | | वडा नं. ३, रातामाटा | १२००। | |
| ८. | | वडा नं. ३, मेहेलतोली | १०००। | |
| ९. | | वडा नं ४, तुर्सु | १५००। | |
| १०. | | वडा नं. ४, मन्घर | १०००। | |
| ११. | | वडा नं. ५ र ६ को कट्टी, मलुका, सनिगाउँ | १०००। | |
| १२. | | वडा नं. ६, चिपिन | १०००। | |
| १३. | | वडा नं. ७, वडाभैरव, तप्लुङ्ग | १५००। | |
| १४. | भगवतीमाई गाउँपालिका | दैलेख | २०००। | |
| १५. | भगवतीमाई गाउँपालिका | सुर्खेत | ६०००। | |
| १६. | भगवतीमाई गाउँपालिका | नेपालगंज | ९०००। | |
| १७. | भगवतीमाई गाउँपालिका | पाल्पा | १६५००। | |
| १८. | भगवतीमाई गाउँपालिका | वुटवल | १५०००। | |
| १९. | भगवतीमाई गाउँपालिका | चितवन | १८०००। | |
| २०. | भगवतीमाई गाउँपालिका | काठमाण्डौ | २५०००। | |

- दुरीको हकमा गन्तव्य स्थान नै मान्य हुनेछ।
- एम्वुलेन्समा लाग्ने ईन्धन खर्च गाउँपालिकाले नै व्यहोर्नु पर्नेछ। इन्धन प्रति ७ किलोमिटर बराबर १ लिटरका दरले लाग्नेछ
- बाटोमा लाग्ने करहरु प्रयोगकर्ताले नै व्यर्होनु पर्नेछ।
- एम्बुलेन्सको तोकिएको सेवा शुल्क र माग फाराम भरी बिरामी लैजानु अगावै कार्यालयमा बुझाउनुपर्नेछ।

## अनुसूची २
### (निर्देशिकाको दफा ५ को उपदफा (३) सँग सम्वन्धित)
### एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्बुलेन्स सञ्चालन निर्देशिका, २०७६ लाई पूर्णत: पालना गर्नुपर्ने,
२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दिारिता र विश्वसनियता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,
३. मादक पदार्थ सेवन गरी एम्बुलेन्स चलाउनु नहुने,
४. बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधैं सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,
५. आफुले लिएको निर्णयहरुमा आफ्नै व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,
६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,
७. कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,
८. बिरामीलाई बीच बाटोमा छाड्न नहुने,
९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुबाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीको सेवामा आवश्यक परेमा त्यस्तो सूचना बारेमा जानकारी दिन सक्ने,
१०. अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,
११. आफुले उचित देखेको बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,
१२. नेपाल सरकारले प्रतिवन्ध लगाएका वस्तुहरु ओसार पसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने ।

म ....................................... (नाम) ............................................... ठेगाना .................................. ना.प्र.प.नं. .................................. जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं. .................................... ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु । ......................... जिल्ला ............................... संस्थाको एम्बुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सहिछाप गरेको छु ।

चालकको :
दस्तख :
मिति :

रोहवरमा प्रमाणित गर्ने व्यक्तिको :
दस्तखत :
नाम पद :
मिति :
संस्थाको छाप :

## अनुसूची ३
### (निर्देशिकाको दफा (८) को उपदफा (१) सँग सम्वन्धित )
### "ग" वर्गको एम्वुलेन्समा हुनुपर्ने औषधी र उपकरणको विवरण

- First Aid का सामानहरु
- Oxygen Cylinder, Flow Meter/Masks जडित वा जरुरी परेमा राख्न सकिने सवारी साधन,
- IV Injection दिन सक्ने अवस्था,
- Stetcher Cum Board,
- Strethoscope, B.P. Apparatus, Toarchlight,
- Driver With basic training in first aid and emergent medicine

**आज्ञाले**
**बखतबहादुर खड्का**
**प्रमुख प्रशासकीय अधिकृत**